"एक बहुभाषिक पत्रिका"

# ग्रामीण

राष्ट्रिय साप्ताहिक

सुचना पाउनु सबै नागरीकको अधिकार हो ।

वर्ष ३ | अंक १७ | २०८२ भाद्र ११ गते बुधवार | Wednesday 27, August 2025 | www.graminpatrika.com | पृष्ठ ६, | मूल्य रु. २०।-

## कटहरीको ग्रीण टायरको धुलो धुवाले वातावरण अस्वास्थ्य बन्दै



संजय कुमार राजवंशी
विराटनगर

मोरङ्गको कटहरी गाउँपालिका वडा नम्बर ४ स्थीत रहेको ग्रीन टायर कम्पनी लिमिटेडवाट निसकेको कालो प्रकृतिको धुलो, धुवाँ र रवरजन्य पर्दाथ स्थानीयको स्वास्थ्यमा गम्भीर समस्या देखिएकाले कटहरी गाउँपालिका न्यायीक समितिमा एक सया नौ जना स्थानिय हस्ताक्षर गरि सामुहिकरुपमा पालिकामा निवेदन दर्ता गराएका छन्।

उक्त निवेदनमा वातावरण प्रदुषण हटाई मानव जिवन र कृषिको रक्षा गरि पाउँ भनि कटहरी गाउँपालिकाको न्यायिक समितिलाई निवेदन दर्ता गराएका छन् । वातावरणको जैविक सुरक्षा पालिकाको वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६, मा समेत उल्लेख भए वमोजिम व्यवस्था न्यायीका लागी पेश गरिएको एक सदस्य सान्ता नेपालले बताएका छन्। ग्रामीण पत्रिका डटकमले उक्त कम्पनीसंग यस विषयमा सोदपुछ गर्न खोज्दा सम्बन्धित व्यक्ति सम्पर्कमा नआउन सकेको छ।

उक्त निवेदनमा, कटहरि गाउँपालिका वार्ड नं १ को उत्तरमा झंग्राहि पुर्वमा वडा नं ४ को खयरवना, चम्म्राहि टोल पश्चिममा शाखा नहर र दक्षिणमा कटहरि चोक उत्तरमा रहेका श्रृजना टोल (पहाडे टोल), झंग्राहि, ब्रम्हथान, जिरात टोल क्षेत्रमा वर्षों देखि स्थायि रूपमा बसोबास गरि कृषि पेशामा आवद्ध रहि आ-आफ्नो पेशा व्यवसाय गरि आएका छौं । यसै क्रममा बिगत समय देखि यसै क्षेत्रको ब्रम्हथान देखि करिव १५० मिटर उत्तर पुर्व वडा नं. १ र ४ को सिमाना को खोल्सि संगै वडा नं. ४ तर्फ ग्रिन टायर लिमिटेड नामक कम्पनि स्थापित छ । उक्त कम्पनि सञ्चालन प्रशोधनका क्रममा उत्पन्न हुने र साँझ देखि राति ११, १२ वजेसम्म खुला रूपमा आगो लगाउनाले कम्पनिबाट निस्कने कडा प्रकृतिको डढेको रबरजन्य धुंवाले वातावरण अत्याधिक प्रदुषित गराइ दुर्गन्धित हावाका कारण मानव स्वास्थ्यमा प्रतिकुल असर हुनुका साथै बालिनालि पशु चौपाया घांस वोटविरुवा लगायतमा समेत उक्त धुवांका कणहरू टांसिनाले दुषित आहारा प्रयोग गर्न अभिशप्त छौं जसले प्राकृतिक जैविक विविधतामा समेत गम्भिर असर भैरहेको हामि स्थानियको ठहर छ । जसका कारण मानव स्वास्थ्यमा श्वाश प्रश्वाश, आँखा नाक पोल्ने छाला चिलाउने जस्ता समस्याहरू भैरहेको छ भने वालिनालि र पशुपंक्षि वाट उचित रूपमा उत्पादन नहुने जस्ता समस्या भोग्नु परिरहेको छ अत : सम्वन्धित कम्पनिवाट उत्सर्जन हुने धुवाँ, धुलो र दुर्गन्ध सहितको वातावरण प्रदुषणलाइ रोकि स्वच्छ वातावरण निर्माण गरि नागरिकको स्वस्थ बातावरण उपभोग गरि बाँचन पाउने अधिकार र वातावरणको जैविक सुरक्षा जुन यस पालिकाको वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६, मा समेत उल्लेख भए वमोजिम व्यवस्था गरि दिनुहुन सादर निवेदन गर्दछौं । भनि सामुहिक रुपमा निवेदन दर्ता गराएका छन्।

## बि एस एन स्कुल अफ होटेल म्यनेजमेन्ट कलेजले अभिमुखिकरण कार्यक्रम सम्पन

मधुमती कुमारी राजवंशी
विराटनगर

कोशी प्रदेशको राजधानी विराटनगर महानगरपालिका वडा नम्बर –२ स्थित बि एस एन स्कुल अफ होटल म्यानेजमेन्टले नयाँ विद्यार्थीहरूलाई विभिन कार्यक्रम गरि अभिमुखीकरण कार्यक्रम सम्पन गरेका छन् । सो कलेजमा नयाँ भर्ना भएका कक्षा ११ का विद्यार्थीहरुलाई सहभागी गराई विराटनगरको सुविधा सम्पन भएको रतना होटेलमा अभिमुखीकरण कार्यक्रम सहित अन्य विविध कार्यक्रमहरु समेत गरिएको छ । कायक्रममा कक्षा ११ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी कञ्चन राजवंशीलाई सम्मान गरिएको छ । यसैगरी, पोशाक अनुशासनतर्फ सलिन दनुवार र रोनिश महासेठ, कलेजमा समयको अनुशासनतर्फ मरियम लिम्बू र रमिता राजवंशीलाई पनि सम्मान गरिएको छ । सांस्कृतिक कार्यक्रम, नेपालको संस्कृति झल्काउने फेसन सो, लाखे नाँच, थारु भाषा र अन्य विभिन भाषागत गीतहरु समेत विार्थीहरुले नृत्य मार्फत प्रस्तुत गरेका छन्।

बी एस एन स्कूल अफ होटल म्यानेजमेन्टका कार्यक्रम निर्देशक मनोज राजवंशीले सबै विार्थीहरुलाई उज्वल भविष्यको सुभकामना दिदै अझै लगनशिल भई अध्यन गर्नुपर्ने बताएका छन् । र सास्थम कलेजका प्रबन्धक महेश्वर सिङ्ग लगायतले वि ार्थीहरूलाई सम्मान गरेका थिए।

सो कार्यक्रममा एस्पायर कलेजका सीएम बस्नेत, एम्स कलेजका सशांक पोखरेल, नेपाल बिजनेश कलेजका दीपक कोइराला लगायतले मन्तव्य राखेका छन । उक्त बी एस एन स्कुल अफ होटल म्यानेजमेन्ट कलेजमा ७० जना हाराहारी विद्यार्थी अध्ययनरत छन् । अभिमुखिकरण कार्यक्रममा विद्यार्थीले पालना गर्नुपर्ने नियम, अनुशासन रं अध्ययनको महत्वको विषयमा समेत जानकारी गराइएको स्कुलका शिक्षक तथा कार्यक्रम सञ्चालक इन्द्र घिमिरेले जानकारी गराइएको छ।

## भुल्किबालि चेङग्री म्यूजिक भिडियो चाडैं आउादै



सुमन कुमारी राजवंशी
कटहरी

झापा, मोरङ्ग र सुनसरी जिल्लामा राजवंशी जातिको बहुदलीयता अत्यधिक छ । त्यसैले राजवंशी समुदायको राजवंशी कोच भाषागत गितहरु पनि थुप्रै छन्। कोच भाषागत गीत र म्यूजिक भिडियोहरु राजवंशी समाजले अत्याधिक माया र समान गर्दछन् । त्यसैगरी पुन राजवंशी भाषामा अर्को सुपरहिट म्यूजिक भिडियो "भुल्कीबाली चेङ्गी" नामक एल्वम तयारी हुनलागेको छ । अरु म्यूजीक भिडीयो भन्दा यो गानामा दर्शकले अत्याधिक मन पराउने एल्वमका प्रोड्यूसर तथा कलाकार दिनेश राजवंशीले एक कार्यक्रममा दाबि गर्दै बताएका छन्।

"भुल्कीबाली चेङ्गी" नामक म्यूजिक गाना हाल रेकर्डिङ्ग विराटनगरको विट स्टुडियोमा भइरहेको छ। उक्त गीतमा स्वर चर्चित गायक राम राजवंशी र गयीका रिता राजवंशीको सु–मधुर आवाज रहने दिनेश राजवंशीले बताएका छन् । यस म्यूजिक भिडियो यूट्यूव चेनल आर आर म्यूजिक प्रोडक्शनमा लन्च हुने बताएका छन्।

सो गीतको रचनाकार स्वर्गीय रामभक्त राजवंशी र गोपाल राजवंशी रहेको छ । निर्देशक कार्तिक राजवंशी, कम्पोजर बलबहादुर राजवंशी लगायत अन्य सहयोगी साथीहरु लक्ष्मी लिम्बु अमेरीका, रोहित राजवंशी कोरिया, स्यामबर राजवंशी, सत्यनारायण राजवंशी, जल्धर राजवंशी, दालवर राजवंशी, प्रभाकर राजवंशी, विप्लव राजवंशी, रन्जीत राजवंशी, विन्देश्वर राजवंशी, सुभक राजवंशी लगायत अन्य साथीहरुको सामुहिक सहयोगमा उक्त एल्वम बन लागेको हो।

## जानकी राजवंशी भक्तिसन्देश गीतहरूमा अभिरुचि



आयुष कुमार राजवंशी
कटहरी

झापा जीललाको कचनकवल गाउँपालिका वडा नम्बर ५ का २४ वर्षिया गायिका जानकी राजवंशी विगत ९ वर्ष देखि सत्संगका कार्यक्रममा सहभागी भई भक्तिगितहरु गाउँदै आएकि छिन्। उनि हाल श्रीहरि सत्सङ समिति नेपाल नामक संस्थामा आबध रहि काम गर्दै आएकी छिन्।

विगत २०७३ साल देखि हालसम्म यस संस्थामा आबध रहि काम गर्दै आएकी गायिका जानकी राजवंशी आज यस संस्थामा सदस्य भई काम गर्दै छिन् । भक्तिसन्देश गीतहरुमा अत्यन्तै अभिरुचि राख्ने र भगवान प्रति आस्था र विस्वास राख्ने एक भक्ती गान गायीका हुन् । भागवत पुरान जस्ता कार्यक्रममा सहभागी भई आफनो सांगीतिक कला प्रस्तुति दिने अत्यन्तै रुचि राखछिन्।

बुवा लालबाबु राजवंशी र आमा गुवासरी राजवंशीकी छोरी हुन्। भक्ति गीतहरुमा अत्यन्तै अभिरुचि राख्दै अहिले सतसङ्ग समितिमा आबध रहि कामहरु गरिरहेकी छिन्।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कोशी अस्पताल
विराटनगर, नेपाल

**कोशी अस्पतालबाट निःशुल्क तथा न्युनतम शुल्कमा संचालित कार्यक्रम तथा सेवाहरु**

नेपाल सरकारको स्वास्थ्य नीति तथा कार्याक्रमहरु अनुसार यस अस्पतालबाट सेवाग्राहीहरुका लागि निःशुल्क तथा न्यूनतम् शुल्कमा विशिष्ट स्वास्थ्य सेवा, उपचारात्मक, निरोधात्मक तथा पुनर्स्थापनात्मक सेवासम्मका विभिन्न स्वास्थ्य सम्बन्धी सेवा/कार्यक्रमहरु सञ्चालन हुँदै आएको कुरा सर्वविदित नै छ । कोशी अस्पताल विराटनगरबाट सञ्चालित निःशुल्क तथा न्यूनतम् शुल्कमा तपशिल बमोजिमका सेवाहरु सञ्चालनमा रहेका हुँदा तपशिल बमोजिमका सेवाहरु लिई लाभ लिनुहुन आम सेवाग्राही वर्गमा सुसूचित गरिन्छ ।

निःशुल्क तथा न्यूनतम शुल्कमा सञ्चालित सेवा/कार्यक्रमहरु:

१. आङ्ग खसेका महिलाको लागि निःशुल्क शल्यक्रिया।
२. हाइड्रोशिल भएका बिरामीहरुको लागि निःशुल्क शल्यक्रिया।
३. हात्तिपाइले भएका बिरामीका लागि निःशुल्क उपचार सेवा।
४. एकद्वार संकट व्यवस्थापन कार्यक्रम (लैंगिक हिंसा पीडितलाई निःशुल्क उपचारात्त्मक तथा पुनर्स्थापना सेवा)।
५. सामाजिक सेवा इकाइ मार्फत विपन्न नागरिकको निःशुल्क उपाचार सेवा।
६. स्वास्थ्य बिमा सेवा ।
७. पोषण पुनर्स्थापना गृह सञ्चालनः कुपोषित बालबालिकालाई निःशुल्क उपचार सेवा।
८. निःशुल्क गर्भपतन सेवा ।
९. भर्ना भएका बिरामीका लागि निःशुल्क रासनको व्यवस्था।
१०. आमा सुरक्षा कार्यक्रमः निःशुल्क प्रसुति सेवाः ।
११. नवजात शिशुको निःशुल्क उपचार सेवा ।
१२. खोप सेवा परिवार नियोजन सेवा ।
१३. कुष्ठरोग निवारण कार्यक्रम सञ्चालन ।
१४. एच.आइ.भी. एड्स सम्बन्धी ए. आर.टी. र मेथाडोन सेवा।

पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ

**पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश**

सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
सडकको दायाँ–बायाँ रुख विरुवा रोपौं ।
ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

# इतिहास बोकेको रथयात्रा विराटनगरमा भव्य रूपमा हुँदै, ५ लाख भक्तजनको सहभागिता अनुमान



ग्रामीण संवाददाता
विराटनगर

इतिहास बोकेको रथयात्रा विराटनगरमा भव्य रूपमा हुँदै, ५ लाख भक्तजनको सहभागिता अनुमान

विराटनगर, साउन १३ - वैदिक सनातन हिन्दू परम्परा अनुसार स्थापित श्री राधाकृष्ण मन्दिर, विराटनगर-१, २ र ३ को संगमस्थल पानीटंकी पोखरियामा आगामी भदौ १ गते ऐतिहासिक रथ यात्रा भव्य रूपमा सम्पन्न गरिने भएको छ।

वि.सं. १९८८ मा धर्मप्रेमी पं. श्री इन्द्रलाल भट्टद्वारा स्थापना गरिएको मन्दिरमा श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट हुने रथयात्रा ९४ औं वर्षमा प्रवेश गर्दैछ। यस रथ यात्रा महोत्सवलाई विराटनगरको मात्र नभई सम्पूर्ण पूर्वाञ्चलको धार्मिक धरोहर र गौरवका रूपमा लिइन्छ।

उक्त रथयात्रा एशियामै जगन्नाथपुरीपछि दोस्रो ठूलो ऐतिहासिक धार्मिक यात्रा मानिन्छ। यस वर्षको यात्रा विशेष रूपमा नव निर्मित २९ फिट ३ ईन्च अग्लो रथमा सम्पन्न गरिनेछ। रथको चौडाई १४ फिट, लम्बाई १५ फिट र जुवा भाग ८ फिट रहेको छ। रथ तान्न दायाँ र बायाँ १६५ फिट लम्बाइको डोरी प्रयोग गरिनेछ, जसमा पुरुष र महिला भक्तजनले आ-आफ्नो समर्पणका साथ सहभागिता जनाउनेछन्।

भदौ १ गते आइतबार अपरान्ह ३:३० बजे मन्दिरबाट प्रारम्भ हुने रथयात्रा मेनरोड, ट्राफिक चौक, रोडशेष, महेन्द्र चौक, धरान रोड, वरगाछी, दुर्गा चौक हुँदै पुन: मन्दिर परिसरमै समापन हुनेछ। यात्राले ८ किलोमिटर दुरी पार गर्नेछ र ४४ स्थानमा विश्राम गर्नेछ।

मन्दिर कार्य समिति अनुसार करिब ५ लाख भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ। सफल व्यवस्थापनका लागि श्री कैलाश रेग्मीको अध्यक्षतामा १००१ सदस्यीय मूल समारोह समिति तथा १६ वटा उपसमिति गठन गरिएको छ।

समारोहको सहजीकरण र सुरक्षा व्यवस्थाका लागि कोशी प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, विराटनगर महानगरपालिका, नेपाल प्रहरी, प्रदेश प्रहरी, विद्युत प्राधिकरण, टेलिकम, खानेपानी संस्थान लगायतका निकायहरू सक्रिय रहेका छन्।

रथमा ७ जना व्यक्तिको टोली

रथमा श्रीराधाकृष्ण आरूढ गरिने छ, र रथभित्र ५ जना पण्डित, १ जना प्राविधिक र १ जना समिति प्रतिनिधि रहनेछन्। अग्रभागमा विभिन्न जातजाती, धर्म, सम्प्रदाय झल्किने झाँकी तथा भजनमण्डली रहने छ, जसको लम्बाइ करिब ३ किलोमिटर हुने अनुमान छ।

मन्दिर व्यवस्थापन समितिका पदाधिकारी अध्यक्ष: श्री कैलाश रेग्मी
उपाध्यक्ष: नन्द किशोर राठी,सचिव: कृष्ण बहादुर काकी,सह-सचिव: नवीनिता रिजल, कोषाध्यक्ष: नरेश राठी
सदस्यहरू: अन्जुला भण्डारी थापा, राजन न्यौपाने, सुनिल पौडेल, सन्तोष महत, सुजित कुमार चेल, सन्जय अग्रवाल आमन्त्रित सदस्यहरू: कमल प्रसाद घिमिरे, निर्मल पौडेल, अन्जु कार्की व्यवस्थापन संयोजक: लिलानाथ बराल
सह-संयोजक: चम्पालाल राठी
सदस्यहरू: हरिबहादुर कार्की, दामोदर प्रसाद घिमिरे, पुनम कुमार गुप्ता, बाबुराजा ओझा

रथ निर्माण नेपाल र भारतका कारीगरहरूको सहयोगमा भइरहेको छ। कृष्ण जन्माष्टमीको भोलिपल्ट नव निर्मित रथमा श्रीराधाकृष्ण आरूढ गराई नगर परिक्रमा गराइनेछ।

# कटहरी हुलाकी सडकमा ४ वर्षमा १७% प्रगति : ठेकेदारको धरौटी कटौती गर्दै काम अघि बढाउने निर्णय



ग्रामीण संवाददाता
कटहरी

कटहरी हुलाकी सडकमा ४ वर्षमा १७% प्रगति : ठेकेदारको धरौटी कटौती गर्दै काम अघि बढाउने निर्णय

मोरङ, साउन १३ - मोरङको कटहरी खण्डअन्तर्गतको हुलाकी राजमार्गमा निर्माण कार्य सुरु भएको चार वर्ष बितिसक्दा पनि जम्मा १७ प्रतिशत मात्र प्रगति भएको पाइएको छ। २०७८ सालमा श्रेष्ठ कन्स्ट्रक्सनले जिम्मा लिएको ६ किलोमिटर सडक खण्डको काम पटक-पटक आश्वासन दिए पनि सुस्त गतिमा चलिरहेको भन्दै स्थानीय बासिन्दा आक्रोशित बनेका छन्।

सडकको निर्माण अलपत्र पारिएको भन्दै सर्वदलीय र सर्वपक्षीय नागरिक समाज, स्थानीयवासी तथा पीडितहरूले पटक-पटक आन्दोलन, धर्ना, सडक अवरोधजस्ता कार्यक्रम गर्दै आवाज उठाउँदै आएका छन्। तर म्याद २०८२ साल जेठ ३० गते सकिँदासम्म पनि अपेक्षित प्रगति नभएपछि अब ठेकेदारलाई पुन: म्याद नथप्ने निर्णय गरिएको छ।

यसै सन्दर्भमा सोमबार मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षतामा सम्पन्न बैठकले ठेकेदार कम्पनीको धरौटी रकम कटौती गर्ने निर्णय गरेको छ। साथै, हाल जीर्ण अवस्थाको सडकलाई तत्काल ग्राभेल र रोलरमार्फत हिँड्न मिल्ने बनाउने निर्देशन दिइएको बैठकमा प्रतिनिधिसभा सदस्यहरू, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवा मृत्युन्जय झालगायत सरोकारवाला निकायहरूको उपस्थिति रहेको थियो। बैठकको निर्णयप्रति नागरिक समाजले स्वागत व्यक्त गरेको छ।

स्थानीय बासिन्दाहरूले भने, "हामी वर्षौं धूलो र हिलोमा हिंड्न बाध्य भयौं। अब पनि यदि काम अघि बढेन भने हामी अझ सशक्त आन्दोलन गर्न बाध्य हुनेछौं।"


## सार्वजनिक सुचना

वन डढेलो रोकथाम गरौं, वन, जन र धनको क्षति रोकौं ।
वन क्षेत्रभित्र ज्वलनशील पदार्थ जस्तैः सलाई, लाइटर र आगो प्रयोग नगरौं।
वन जंगल हामी सबैको साझा सम्पति हो, यसको संरक्षण गरौं।
वन जंगलभित्र कुनै किसिमको संरचना तथा जथाभावी बाटोघाटो निर्माण नगरौं।
निजी जग्गामा वृक्षारोपण गरी उल्लेखनीय लाभ प्राप्त गरौं।
वन अपराध हनु लागेको थाहा पाएमा नजिकको प्रहरी कार्यालयमा तथा वन कार्यालयमा खबर गरौं।
वन संरक्षण गर्ने हामी सबैको नागरिक दायित्व हो।
स्थानीय उत्पादनको प्रयोग गरौं, उद्योगलाई सशक्त बनाऔं ।
स्थानीय उत्पादन, आत्मनिर्भरता ।
धेरै रोजगारी सिर्जना गरौं, समृद्ध नेपाल बनाऔं।
पर्या पर्यटनको बिकास गरौं, रोजगारी सिर्जना गरौं।
पर्यटनमैत्री वातावरण निर्माण गरौं।
वन जोगाऔं, भविश्य सुरक्षीत बनाऔं ।
पर्यटन पूर्वाधार, समृद्ध प्रदेशको आधार ।
"वन्यजन्तुको सुरक्षा, हाम्रो जिम्मेवारी।
वन्यजन्तु संरक्षणमा सहकार्य गरौं।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश, नेपाल

## बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

सुर्तीजन्य पदार्थको सेवन नगरौं।

सुर्तीजन्य पदार्थको सेवनले:
➢सेवनकर्तालाई प्रत्यक्षरुपमा,
➢परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
➢यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

## नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगरको
सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीको पानीको सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाइप लिकेज भई पानी खेर गईरहको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, मोरङ द्वारा

जनहितमा जारी सन्देश

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।


"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक
सम्पादक तथा प्रकाशक: संजय कुमार राजवंशी, कार्यालय प्रमुख : मोहन कुमार राजवंशी, समाचार संयोजक: राजेश कुमार राजवंशी, केन्द्रिय कार्यालय: कोशी प्रदेश विराटनगर, मुद्रक: कविता प्रिन्टर्स, सम्पर्क नं. : ९८२७०७२१५०
इमेल: infograminpatrika@gmail.com, Web: www.graminpatrika.com

"एक बहुभाषिक पत्रिका"
ग्रामीण
राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# सम्पादकीय

## नेपाली राष्ट्रिय गान गाउदा के महसुश गर्नुहुनछ

विस्वको सबै राष्ट्रहरुको राष्ट्रिय गान हुनछ। त्यस्तै नेपालको नेपाली राष्ट्रिय गान पनि छन। " सयौं थुङ्गा फुलका हामी " सो गान नेपालको सबै औपचारिक कार्यक्रम तथा अनौपचारिक कार्यक्रमको सुरुमा राष्ट्रि गानबाटै सुरु हुने एक मान्यताको विकास भएको छ। यस गान सुनिरहदा र गाईरहदा जुन भावनात्मक विचार उत्पन हुनछन् सोहि विषय वस्तुमा रहि आज राष्ट्रिय गानको चर्चा म संजय कुमार राजवंशी मेरो व्यक्तिगत विचार प्रस्तुत गर्न चाहान्छु। यस नेपाली राष्ट्रिय गानले नेपाली समाजले कसरी महसुश गरिएको छ भने विषयमा चर्चा गर्न चाहान्छु। यस गानले सबै नेपाली एक भई देश विकासमा लाग्नुपर्छ भने सोच, विचार र एक नयाँ दृष्टिकोणको भावना स्थापीत गर्दछन्। मन सफा, सुध र केहि देशको लागी गर्नैपर्छ भने यस गान सुन्दा र गाउँदा भावना उत्पादन हुनछन्। देशप्रति माया लाग्दछन्। देशका प्रकृति र सम्पदाको सुरक्षा गर्नुपर्छ भने सोचको विकास मनमा बन्दछ। सबै स्कुल, कलेज तथा अन्य केही कार्यक्रममा राष्ट्रिय गान बजाउने चलन र परम्परानै भइसकेको छ। यस गानले मानिसमा सकारात्मक उर्जा र एक सशक्त नागरिक बने एक जोश र भावनात्मक उर्जा दिने गरिन्छ। नेपाली चार्डपर्वमा दशैं, तिहार र छठ पर्वको समयमा तपाईंको गाउँ घर अथवा सहर बजारमा दैनिकि केहि न केहि कार्यक्रम भइनै रहनछ। सो सबै कार्यक्रममा राष्ट्रिय गान बजेको अनिवार्य हुनुपर्छ र हुनछ पनि। उक्त सहभागी कार्यक्रममा राष्ट्रिय गान बजदा म, हामी र तपाईं पकै कुर्सिमा बसेको सबैजना उभि सो गानको सुमधुर धुनसंगै हामी एकछिन भएपनि हामी इमान्दार, सफा मन र नकारात्मक सोच हराएको महशुस गर्दछौं। उक्त म्यूजिक सिस्टममा लगाएर सुध, सफा मनले देशको लागि एकछिन भएपनि प्राथना गर्दा मनमा देश प्रति भावनात्मक माया र देशको लागी जे पनि गर्नसक्ने सोच भएको हुनछ। र हामी त्यो गान गाउँदा र सुन्दा हाम्रो मनभित्रबाट देश प्रति विभिन्न भावनात्मक सद–विचार उत्पन्न पनि पकै भएकै हुनुपर्छ। देश प्रति हाम्रो विर सहिदको रगतको मूल्य महसुश र उनिहरुले दिएको सहादद याद आउछ। उत्त नेपालको राष्ट्रिय गान सुन्दा अथवा गाउँद देश प्रतिको समान र देश प्रतिको भावनात्मक सद विचार ओतप्रोत रुपमा गान बजीराख्दासम्ममा एकछिन भएपनि शरिरका मांसपेशीहरु उतेजित भई हाम्रो शरिरको अङ्ग सिरिङ्ग भएको हुन्छन्। देशको सहिद, हाम्रा देशको सबै जातजाति, सम्पदा, र विरहरुको रगत बाट बनेको यो देशको चर्चा गानमा भइराख्दा झनै शरिर र हाम्रो सोचमा परिवर्तन भइरहेको महशूस हुन्छन्। देशका लागि गरिएको बलिदान र योद्धाप्रतिको सकारात्मक सोचको विकास हुन्छन्। यस्ता विषय वस्तुहरु एकछिन भएपनि देश प्रति जवाफदेहि र उत्तरदायित्वको भावनात्मक सद–विचार जागृत हुन्छन्। हाम्रो नेपाली राष्ट्रिय गान " सयौं थुंगा फूलका हामी एउटै माला नेपाली " मिति २०६२/०६३ को आन्दोलनपछि बनेको हो। यस गानमा हाम्रो हिमाल, पहाड, तराई र देशका विभिन्न जातजातिप्रतिको विषयलाई महत्वपुर्ण स्थानमा राखि व्याख्या गरिएको हो। त्यसैले भएपनि राष्ट्रिय गान गाउँदा मन उत्शाह र गर्व महशुस हुन्छ। हाम्रो पुरानो राष्ट्रिय गान 'श्रीमान् गम्भिर' लाई संसदले खारेज गरेपछि नेपालको नयाँ राष्ट्रिय गानको खोजी गर्दा यस गान " सयौं थुङ्गा फुलका हामी " बनाईयो। राजतन्त्र सकिएपछि नेपाल सरकारको राष्ट्रिय गानको मापदण्ड तोकिए अनुसार गान तयार गरियो। नेपालको विभिन्न जातजाति, भौगोलिक, सांस्कृतिक, प्राकृतिक सम्पदा समेटिएको हुनु पर्ने, राजनीतिक परिवर्तनलाई सम्बोधन गर्ने विषय वस्तु समेट्नु पर्ने भनिएको थियो। साथै ८ हरफ र बढीमा ५० वाक्य शब्द संरचना पनि तोकिएको थियो। र सो गान अम्बर गुरुङको संगीतमा एउटा समूहले गाएपछि हाम्रो राष्ट्रिय गान झन् सुभधुर र लोकप्रिय बन पुग्यो।

नेपाली राष्ट्रिय गान यस्तो छ।

सयौं थूंगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली।
प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल
ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।
बहुल जाति, भाषा, धर्म, संस्कृती छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।

यस राष्ट्रिय गानलाई २०६४ साल साउन १८ गते लागू गरिएको थियो। यसलाई अन्तरिम संसदका सभामुख स्वर्गिय सुवासचन्द्र नेम्वाङ सिंहदरबार भित्र रहेको राष्ट्रिय योजना आयोगको सम्मेलन भवनमा आयोजित समारोहको बीच २०६४ साउन १८ मा औपचारिक रूपमा राष्ट्रिय गानको रूपमा लिइएको घोषणा गरेका थिए। तत्कालीन शाही परिवारलाई समर्पित भई गाइएको राष्ट्रिय गान " श्रीमान् गम्भिर " नेपालीलाई वि.सं. २०६३ साल जेष्ठ ५ गते शुक्रबार बसेको तत्कालीन प्रतिनिधि सभा घोषणाले नयाँ राष्ट्रिय गानको साथ प्रतिस्थापन गरेको थियो। अम्बर गुरुङले सङ्गीत दिएको र ब्याकुल माइलाको शब्द सिर्जना रहेको राष्ट्रिय गान " सयौं थुङ्गा फुलका हामी " शीर्षकको राष्ट्रिय गानलाई नेपालको संविधान २०७२ ले पनि आधिकारिक मान्यता दिइसकेको छ।

निष्कर्ष : देशको राष्ट्रिय गान सुन्दा र गाउँदा जसरी देशप्रति सद–विचार उत्पन्न हुन्छन् सायद यसै गरि संधैभरी मन सफा र सुध दृष्टिकोण बनाउन अथवा राख्न सके देश र जनताको लागि अझै राम्रो हुनेथियो। तर गान सकिएपछिको मानव जातिमा जुन व्यवहार देखीन्छन् त्यो हेर्न लायकको हुन्छन्। कहिँ नभएको भाषण र झुठा आश्वासन बाहेक अरु केहि देखिदैनन्। यसो भनिरहदा सबै मानव जाति नराम्रो छन भन्ने पनि होइनन्। केहि राम्रा काम पनि गरिरहेका छन्।

# नेपालमा स्नातक तहको अध्ययनस् अवसर, चुनौती र प्रयासहरु



रासुन्दर राजवंशी
विराटनगर

प्रमाणप्रत्र तह उत्तीर्ण बिधार्थीहरु स्नातक तहमा टिक्न सकेको छैन। बिधार्थीको मनोबल खस्किदै गएको छ। किनकि उच्च शिक्षा हासिल गरेकोले अवसरहरु पाउन सकेका छैन। जसलेगर्दा स्नातक तहमा बिधार्थी घट्दो छ। बैदेशिक शिक्षा अध्ययन अध्यापनका लागि आकर्षण बढ्दै गएको छ। बैदेशिक शिक्षालाई रोजगार र अवसरको रुपमा लिएका छन्। जसले गर्दा बैदेशिक शिक्षा विधार्थीहरुका लागि महत्वपूर्ण बन्दै गएको छ। यसलाई सरकारले सन्तुलन गर्न सकेको छैन। सबै बिधार्थीलाई स्नातक तहसम्म अध्ययन अध्यापनका लागि उत्प्रेणा दिन सकेको छैन। राज्यले सम्भवित् अवसरहरु खुल्ला गर्न सकेको छैन। उनीहरूको भविष्यको करियर निर्माण गर्ने बिषय हुदा हुदै पनि अन्यौलता देखिएको छ। तसर्थ हालको बजारको माग र भविष्यको सम्भावनालाई हेर्दा केही विषयहरू निकै प्रभावकारी देखिएका छन्।

नेपालमा प्रभावकारी विषयहरू

१. व्यवस्थापन ( :बलबनझभलत ) यो विषय सधैं लोकप्रिय र प्रभावकारी रहँदै आएको छ। यस अन्तर्गत बीबीए ( द्यद्यब ), बीएचएम ( द्यज: ) जस्ता कोर्सहरूले विद्यार्थीलाई व्यवस्थापकीय सीप प्रदान गर्छन्, जसले गर्दा उनीहरू बैंकिङ, पर्यटन, होटल तथा अन्य व्यावसायिक क्षेत्रमा सजिलै रोजगारी पाउँछन्।

२. सूचना प्रविधि:( Information Technology) अहिलेको डिजिटल युगमा आईटीको माग दिनदिनै बढिरहेको छ। बिसिए ( द्यक्ष्ब ), बिएससी सिएसआइटी (Bsc.csit ) जस्ता विषय पढेका विद्यार्थीहरू सफ्टवेयर विकास, साइबर सुरक्षा, वेब डिजाइन लगायतका क्षेत्रमा सजिलै अवसर पाउन सक्छन्।

३. इन्जिनियरिङ: ( Engineering) सिभिल, इलेक्ट्रिकल र कम्प्युटर इन्जिनियरिङ जस्ता विषयको माग सधैं उच्च रहन्छ। देशको पूर्वाधार विकास र प्रविधिको विस्तारसँगै यी विषयका विद्यार्थीका लागि पर्याप्त अवसरहरू छन्।

४. स्वास्थ्य विज्ञान ( Health Science ) चिकित्सा, नर्सिङ, फार्मेसी लगायतका विषयको माग देश भित्र र बाहिर दुवै ठाउँमा धेरै छ। यी विषय पढेका विद्यार्थीका लागि रोजगारीको सुनिश्चितता बढी हुन्छ।

स्नातक तहमा वैदेशिक अध्ययनको बढ्दो प्रचलन पछिल्ला केही वर्षयता नेपालबाट स्नातक तहको अध्ययनका लागि विदेश जाने विद्यार्थीको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। यसका पछाडि विभिन्न कारणहरू छन्।

१.उत्कृष्ट शैक्षिक गुणस्तरस् धेरैजसो विकसित देशका विश्वविद्यालयहरूमा शैक्षिक गुणस्तर उच्च हुन्छ र त्यहाँको अध्ययन प्रणाली बढी व्यावहारिक तथा अनुसन्धानमूलक हुन्छ।

२. अन्तर्राष्ट्रिय मान्यतास् विदेशका विश्वविद्यालय बाट प्राप्त डिग्रीको अन्तर्राष्ट्रिय मान्यता धेरै हुन्छ, जसले गर्दा विश्वव्यापी रूपमा रोजगारीका अवसरहरू खुल्छन्।

३. राम्रो करियरको सम्भावनास् विदेशी डिग्री र अनुभवले स्वदेश फर्केपछि वा विदेशमै काम गर्दा राम्रो तलब र उच्च पदमा पुग्ने सम्भावना बढ्छ।

४. जीवनशैली र स्वतन्त्रतास् विदेशमा बस्दा विद्यार्थीहरू नयाँ संस्कृति, जीवनशैली र स्वतन्त्रताको अनुभव गर्न पाउँछन्,जसले उनीहरूको व्यक्तित्व विकासमा पनि सहयोग पुर्याउँछ।

वैदेशिक अध्ययनका चुनौतीहरू

वैदेशिक अध्ययनका अवसरहरू जति छन्, त्यसका आफ्नै चुनौतीहरू पनि छन्।

१.आर्थिक भारस् विदेशमा पढ्नु अत्यन्तै महँगो हुन्छ। उच्च शुल्क, बस्न र खानपानको खर्चले गर्दा धेरै परिवारलाई आर्थिक भार पर्छ।

२.सांस्कृतिक समायोजनस् नयाँ देशमा जाँदा त्यहाँको भाषा, संस्कृति, रहनसहन र खानपानमा घुलमिल हुन गाह्रो हुन सक्छ।

३.मानसिक र सामाजिक दबाबस् परिवार र साथीभाइबाट टाढा हुँदा एक्लोपना, पढाइको दबाब, र आर्थिक व्यवस्थापनको चिन्ताले मानसिक समस्या निम्त्याउन सक्छ।

४.गलत सूचना र ठगीस् विदेश जाने प्रक्रियामा धेरै विद्यार्थीहरू परामर्शदाता ९अयलकगतिबलत र एजेन्टहरूको गलत जानकारी तथा ठगीमा पर्ने जोखिम पनि हुन्छ।

नेपालमा स्नातक तह अध्ययनका चुनौतीहरू

नेपालमा स्नातक तहको अध्ययन गर्दा केही महत्त्वपूर्ण चुनौतीहरू सामना गर्नुपर्ने हुन्छ।

१.पुराना पाठ्यक्रमस् धेरैजसो विश्वविद्यालयका पाठ्यक्रमहरू पुरानो र बजारको माग अनुसार परिवर्तन नभएका कारण विद्यार्थीहरूले पढाइ सकेपछि रोजगारी पाउन गाह्रो हुन्छ।

२.व्यावहारिक शिक्षाको अभावस् नेपालमा सैद्धान्तिक शिक्षामा मात्र बढी जोड दिइन्छ, जसले गर्दा विद्यार्थीले व्यावहारिक ज्ञान र सीपको अभाव महसुस गर्छन्।

३.राजनीतिक हस्तक्षेपस् विश्वविद्यालय तथा कलेजहरूमा हुने राजनीतिक हस्तक्षेपले शैक्षिक वातावरणलाई प्रभावित पार्छ, जसले गर्दा पठनपाठनमा बाधा पुग्छ।

४.कमजोर पूर्वाधारस् धेरैजसो शैक्षिक संस्थाहरूमा आधुनिक पूर्वाधार, प्रयोगशाला र पुस्तकालयको अभाव हुन्छ।

५.रोजगारीको सीमित अवसरस् नेपालमा रोजगारीका अवसरहरू सीमित भएकाले पढेका धेरै युवाहरू बेरोजगार बस्नुपर्ने अवस्था आउन सक्छ।

समाधानका प्रयासहरू

नेपालमै उच्च शिक्षालाई अझ प्रभावकारी बनाउन र वैदेशिक अध्ययनका चुनौतीहरूलाई सम्बोधन गर्न केही प्रयासहरू गर्न सकिन्छ। यी चुनौतीहरूको समाधानका लागि केही महत्त्वपूर्ण प्रयासहरूले नेपालमा नै गुणस्तरीय शिक्षाको वातावरण सिर्जना गर्न र युवाहरूलाई देशमै भविष्य बनाउन प्रेरित गर्न मद्दत पुर्याउनेछ।

१.शैक्षिक गुणस्तरमा सुधारस् नेपालका विश्वविद्यालय तथा कलेजहरूमा शैक्षिक गुणस्तर बढाउन पाठ्यक्रमलाई समयसापेक्ष बनाउने, व्यावहारिक र अनुसन्धानमूलक शिक्षामा जोड दिने र दक्ष शिक्षकहरूलाई प्रोत्साहन गर्ने।

२.उच्च शिक्षामा सरकारी लगानीस् सरकारले उच्च शिक्षाको क्षेत्रमा लगानी बढाएर शुल्क घटाउने, शैक्षिक ऋणको व्यवस्था गर्ने र छात्रवृत्तिको अवसरहरू बढाउने।

३.परामर्श र मार्गदर्शनस् विद्यार्थीहरूलाई सही विषय र करियरबारे जानकारी दिन विद्यालय र कलेज तहबाटै उचित परामर्श दिने व्यवस्था गर्ने।

४.रोजगारमूलक शिक्षास् शिक्षालाई बजारको मागसँग जोडेर रोजगारमूलक बनाउने। उद्योग र शैक्षिक संस्थाबीचको सहकार्य बढाएर विद्यार्थीहरूलाई इन्टर्नसिप internship र तालिमका अवसरहरू प्रदान गर्ने।

५.पाठ्यक्रम सुधारस् बजारको माग अनुसार पाठ्यक्रमलाई समयसापेक्ष बनाउनुपर्छ।

६.व्यावहारिक शिक्षामा जोडस् सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक सीप विकासमा पनि जोड दिनुपर्छ।

७.राजनीतिक हस्तक्षेप नियन्त्रणस् शैक्षिक संस्थाहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नुपर्छ।

८.रोजगारमूलक शिक्षास् उद्योग र शैक्षिक संस्थाबीच सहकार्य बढाएर विद्यार्थीलाई इन्टर्नसिप र तालिमका अवसरहरू प्रदान गर्नुपर्छ।

९.कानुनी कडाइस् वैदेशिक अध्ययनका नाममा ठगी गर्ने परामर्शदाताहरूमाथि कानुनी कडाइ गर्ने र विद्यार्थीलाई सही जानकारी दिने व्यवस्था मिलाउने।

## केही महत्वपूर्ण टेलीफोन नम्बरहरु

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिसस मोरड | ५३६३५३ |
| निर्माण व्य संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं क संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिड होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रले | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्बुलेन्स सेवा | ५५५१४४ |

### अस्पताल

| | |
|---|---|
| न्युरो हस्पिटल प्रा.लि. | ४१७४७५, ४१६०२४ |
| पोखरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| नाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी दृष्ट धरान | ०२५-५२१६०० |
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| विराट मेडिकल कलेज | ४२१०६३, ४२११८२ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरड सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्यूरो हस्पिटल प्रा.लि | ४१७४८४, ४१६२६७ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गाई हस्पिटल | ९७४२०४२३३३ |
| गेटवेल हस्पिटल प्रा.लि. | ०२१-५२७९६८ |

### दमकल

| | |
|---|---|
| बिराटनगर वारूणयंन्त्र | ४२०००० |
| इटहरी वारुणयन्त्र | ५८०१०१ |
| धरान बारुणयन्त्र | ५२०१९९ |
| इनरूवा वारुणयन्त्र | ५६०१०१ |
| दमक वारुणयन्त्र | ०२३-५८०१०१ |
| भद्रपुर बारुणयन्त्र | ०२३-५२०१०१ |

### प्रहरी

| | |
|---|---|
| पूर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का., रानी | ४३५३६४, १०८ |
| सिआरभी (ऋच्ख) | १०९ |
| इप्र.का., रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

### होटल

| | |
|---|---|
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल संगम पार्टी प्यालेस | ५३०४०३ |
| एबी होटल | ०२१-५११७७२ |
| होटल नमस्कार | ०२१-५९०९०९/५९०६०६ |
| होटल प्यासिफिक | ४७१०३६ |
| होटल मुन | ९८०२७२७७७७ |
| सगरमाथा पार्टी प्यालेस | ४७१४९३ |
| दिव्यरत्न होटल | ९८५२०३३२९६ |
| होटल पाथिभरा इन | ९८०२७६९१५२ |
| होटल श्रीकृष्ण | ०२१-५९०४६७ |

# दुहबीमा कृष्ण जन्माष्टमी हजारौं भक्तजनहरुलाई रथयात्रा सहित परिक्रमा



चन्दन कुमार रौनियार
सुनसरी

कृष्ण जन्माष्टमीको भोलिपल्ट निकालिने सुनसरी दुहबीको ऐतिहासिक राधाकृष्ण रथयात्रा आईतवार सम्पन्न भएको छ। ऐतिहासिक ४१ औं राधाकृष्ण रथयात्रा भव्य रुपमा सम्पन्न भएको हो।

राधाकृष्ण मन्दिर दुहबी ६ बाट निकालिएको रथ मन्दिर क्षैत्र ,डागा चौक ,ट्राफिक चौक ,सोनापुर चौक बाट फर्केर मेनरोड ढकाल चौक हुदै मोरङको नेमुवा प्रहरी चौकि बाट फर्केर पुनः मन्दिर परिसरमा पुगेर सम्पन्न भयो। रथले नगरको करिब ८ किलोमिटरको यात्रा तय गरेको हो। रथयात्रामा ओम शान्ति दुहबी दुहबी जेसिज ,लायन्स क्लब दुहबी ,,लाखै नाच ,यादब समाज दुहबी ,रौनियार महिला मंच ,शाह सेवा समाज ,मारवाडि समाज ,पौदार समाज ,हलुवाई समाज ,नेवार समाज ,लगायतका बिभिन्न जातजातिहरुले झाँकी समेत प्रदर्शन गरेका थिए साथै विभिन्न संघसंस्थाहरुले सहभागी भक्तजनहरुलाई पानी ,सर्वत फलफुल जुस र प्रसाद समेत बितरण गरेको थियो । दुहबी बजार देखी ८ किलोमिटर सम्म रथ यात्रा परिक्रमा ,हजारौं हजारौं भन्दा बढीको भक्तजनहरुलाई रथयात्रामा सहभागी भएको थियो । यश यात्रा लाई सफल बनाउन विहान ८ बजे तिर सयौंको संख्यामा मोटरसाइकल रैलि समेत गरेका जन्माष्टमि पुजा तथा मेला समितिका अध्यक्ष पंकज हलुवाईले बताए । यसपटक १८ फिट को आकर्शन फलामे रथ राधाकृष्ण मन्दिरको लागि सुनसरीको दुहबी नगरपालिका वडा नम्बर ६ मा अवस्थित राधाकृष्ण मन्दिर रथ यात्रा समितिलाइ दुहबी नगर प्रमुख वेद नारायण गच्छादारले नवनिर्मित श्रीकृष्ण रथ हस्तान्तरण गरेका छन्। कृष्ण जन्माष्टमीको अवसरमा आयोजित कार्यक्रममा नगर प्रमुख वेदनारायण गच्छादार, वडा नम्बर ६ का अध्यक्ष घनश्याम हलुवाइ, वडा नम्बर ५ का अध्यक्ष रमेश रौनियार लगायत ले उक्त रथ हस्तान्तरण गरेका हुन्।

दुहबी नगरपालिकाको आ ब २०८२ को बार्षिक बिनियोजित बजेट र वडा नम्बर ६ को बजेट बाट करिब ७ लाख २५ हजार मुल्य बराबरको नया रथ निर्माण गरी हस्तान्तरण गरिएको वडा अध्यक्ष घनशयामहलुवाइले जनाएका छन् । आज पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरु वाट किर्तन भजन हुने आयोजकले जनाएको छ ।

# विराटनगरमा मेगा ब्लड डोनेशन ड्राइभको जागरण अभियान सुरु



ग्रामीण संवादाता
विराटनगर

मेगा ब्लड डोनेशन ड्राइभको जागरण अभियान सुरु विराटनगर, भदौ ३० - तेरापंथ युवक परिषद् विराटनगरले आयोजना गरेको मेगा ब्लड डोनेशन ड्राइभ महोत्सवअन्तर्गत ३० दिने जागरण तथा जनचेतना अभियानको शुक्रबार औपचारिक शुभारम्भ गरिएको छ।

जैन भवन, विराटनगरमा सम्पन्न उद्घाटन कार्यक्रममा विराटनगर महानगरपालिकाका मेयर नागेश कोइराला, कोशी प्रदेश प्रहरी प्रमुख डीआइजी इश्वर कार्की, नेपाल रेडक्रस सोसाइटी मोरङका सभापति सुकदेव मण्डल, नेपाली कांग्रेस विराटनगर महानगर समितिका सभापति दिपक चापागाईं र वडा नं. ७ का वडाध्यक्ष मधुबाबु तिवारीले संयुक्त रूपमा ब्यानर अनावरण गर्दै अभियानको सुरुवात गरेका थिए।

कार्यक्रमको सभापतित्व तेरापंथ युवक परिषद् विराटनगरका अध्यक्ष अरिहन्त बैद्यले गरेका थिए। सो अवसरमा जैन श्वेताम्बर तेरापंथ सभा विराटनगरका अध्यक्ष सतिश दुगड, उद्योगी तथा कार्यक्रमका स्पोन्सर पार्टनर राजकुमार गोल्छा, महासचिव समित सुरानाले कार्यक्रम सयोजक परिषद्का उपाध्यक्ष अमित धाडेवा मन्तव्य राखेका थिए।

त्यसैगरी नेपाल अग्रवाल सभा विराटनगरका अध्यक्ष राजकुमार अग्रवाल, राजनीतिक तथा समाजसेवी दिलिप धाडेवा, समाजसेवी पवन सुराना, पूर्व अध्यक्ष तथा सल्लाहकार पंकज कुमार लुनिया, लेडिज सर्कल विराटनगर-५ की अध्यक्ष कुसुम लुनियाँ, तेरापंथ महिला मण्डल विराटनगरकी अध्यक्ष मिलन नौलखा र मारवाडी युवा मञ्च विराटनगरका अध्यक्ष मोहित लालवानीलगायतको उपस्थिति रहेको थियो।

परिषद्ले आगामी असोज १ गते कोशी प्रदेश प्रहरी तालीम केन्द्र रानी विराटनगर र विराटनगरका विभिन्न स्थानमा एकैदिन १ हजार पिन्ट रगत संकलन गर्ने लक्ष्यसहित अग्रिम तयारी सुरु गरेको जनाएको छ।


## विराटनगर महानगरपालिका

महानगर कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

**सुर्तीजन्य पदार्थको सेवन नगरौं।**

सुर्तीजन्य पदार्थको सेवनले:

- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

## सुनवर्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

### जनहितमा जारी सन्देश

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।

## रतुवामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

### जनहितमा जारी सन्देश

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।

## जहदा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

**सुर्तीजन्य पदार्थको सेवन नगरौं।**

सुर्तीजन्य पदार्थको सेवनले:

- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

# क्रिकेटर ललित राजवंशीलाई सम्वेदनापत्र



राजेश कुमार राजवंशी
विराटनगर

राजवंशी समाज उत्थान समिति (विराट) केन्द्रीयले नेपाली राष्ट्रिय क्रिकेट टिमका चर्चित खेलाडी ललितकी आमा शुभकुमारी देवी हार्दिक समवेदना।

विराट राजवंशी समाज उत्थान केन्द्रीय अध्यक्ष भुनेस्वर मण्डल राजवंशी नेरुडे लघुवितिय संस्था अध्यक्ष मनि अर्जियाल मोरग जिल्ला कार्यसमिति अध्यक्ष ईन्द्र लाल राजवंशी विराट राजवंशी शिक्षक अध्यक्ष चन्द्र नारायण राजवंशी युवा समिति अध्यक्ष बिक्रम राजवंशी लगायत नेपाली राष्ट्रिय क्रिकेट टिमका चर्चित खेलाडी ललित राजवंशीलाई मातृशोक परेको छ।

ललितकी आमा शुभकुमारी देवी राजवंशीको आइतवार विहान निधन भएको हो काठमाडौंमा रहेका ललित आमाको निधनको खवरपछि विराटनगर आइपुगेका छन्।

मृतक शुभकुमारीका श्रीमान् जयनारायण राजवंशी, जेठो छोरा युगलकिशोर राजवंशी, माइला छोरा रामकिशोर राजवंशी, कान्छा ललित नारायण राजवंशी र एक छोरी सुमन राजवंशी रहेका छन्।

# प्रकाशमान सिंहको सचिवालय मार्फत हार्दिक समवेदना



ग्रामीण संवादाता
विराटनगर

विराटनगर महानगर वडा न १४ निवासी नेपाली राष्ट्रिय क्रिकेट टिमका चर्चित खेलाडी ललित नारायण राजवंशीको ममतामयी माता शुभकुमारी देवी राजवंशीको निधन प्रति नेपाली कांग्रेस नेता तथा उपप्रधानमन्त्री प्रकाशमान सिंहको सचिवालय मार्फत हार्दिक समवेदना प्रकट गरेको हो।

उक्त शोक सभामा नेपाली कांग्रेस विराटनगर महानगरको नगर सचिव भुमा निरौलाले समवेदना पत्र बाचन गर्दै नेपाली कांग्रेस केन्द्रीय सुचना सन्चार तथा प्रचार विभाग सदस्य राजु मास्केले सो परिवारमा हस्तान्तरण गर्दै शोक वक्तव्य गर्नु भएको छ।

साथै सो सभामा नेपाली कांग्रेस कोशीप्रदेश सदस्य दिनानाथ आचार्यनेपाल महिला संघ विराटनगर वडा न ११ अध्यक्ष मन्जु ढकाल नेपाली कांग्रेस नगर सदस्य रमा कार्की, नेपाल लोकतान्त्रिक खेलकुद संघ मोरङ अध्यक्ष अनुज वानिया र गिरिस कोइलाला लगायतको उपस्थित रहेको थियो।


## ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

### जनहितमा जारी सन्देश

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको सविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभाौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्काले दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।



## देवानगंज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी द्वारा






## रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मोरङ द्वारा






## धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोरङ द्वारा






खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को

## अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउँदा सँधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

### ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नब बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने वस्तुहरु जस्तै ग्यास चुलो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र तत्काल नजिकको ग्यास बिक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो !"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
कोशी प्रदेश, विराटनगर

पेट्रोल, डिजेल थोपा थोपा बचाऔं।

# विराटनगर व्यापार खस्कँदै: सीमापार किनमेल, नीतिगत समस्या र युवाशक्ति पलायनप्रति-मन्त्रीदेखि उद्योगीहरूचिन्तित

ग्रामीण संवादाता
विराटनग

विराटनगर व्यापार खस्कँदै: सीमापार किनमेल, नीतिगत समस्या र युवाशक्ति पलायनप्रति-मन्त्रीदेखि उद्योगीहरूचिन्तित भोजराज घिमिरे, विराटनगर, साउन १८ मोरङ चेम्बर अफ कमर्सको छैठौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनको उद्घाटन समारोहमा सहभागी वक्ताहरूले विराटनगरको खस्कँदो व्यापारप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्। सीमापार भारतीय बजारको आकर्षण, व्यापार नीतिको अस्पष्टता, र युवाशक्तिको तीव्र पलायनले आन्तरिक बजार धरासायी बन्दै गएको वक्ताहरूको निष्कर्ष थियो।

कार्यक्रममा कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले प्रदेशबाट सबैभन्दा बढी कफी निर्यात गर्ने लक्ष्यसहित सरकार अघि बढिरहेको जानकारी दिनुभयो। उहाँले निजी क्षेत्रसँग सहकार्य गरेर औद्योगिक विस्तारमा सरकार गम्भीर रहेको धारणा व्यक्त गर्नुभयो।

विराटनगर महानगरका प्रमुख नागेश कोइरालाले सीमापार भारतीय बजारतर्फको आकर्षणले स्थानीय व्यापारमा प्रतिकूल असर परेको भन्दै नेपाली उत्पादन प्रवर्द्धनमा सरकार गम्भीर नबने अवस्था झन जटिल हुने चेतावनी दिनुभयो।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले कोभिड-१९ र रुस-युक्रेन युद्धपछिको वैश्विक आर्थिक अस्थिरता, मौद्रिक नीतिको कठोरता र उच्च ब्याजदरका कारण मुलुकको समग्र अर्थतन्त्र नै संकटमा परेको बताउनुभयो। कोशी प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष राजेन्द्र राउतले कृषिमा अपार सम्भावना रहेकाले राज्यले सो क्षेत्रमा पुँजी वृद्धिमा ध्यान दिनुपर्ने तर्क गर्नुभयो।

सीमापार किनमेलले व्यापार ५० प्रतिशतले घट्यो वक्ताहरूले विराटनगरको व्यापार करिब ५० प्रतिशतले घटेको उल्लेख गरे। जोगबनी बजारतर्फ नेपाली उपभोक्ता र व्यवसायीको आकर्षण बढेसँगै आन्तरिक बजार कमजोर बन्दै गएको उनीहरूको भनाइ थियो। मन्त्री मगरले "विराटनगरका टाठाबाठाहरू जोगबनी जान थालेपछि यहाँको व्यापार धरासायी हुँदै गएको हो," भन्दै सीमापार किनमेलको गम्भीर असरबारे संकेत गर्नुभयो।

महानगर प्रमुख कोइरालाले पनि सीमामा नियन्त्रणको प्रयास गरे पनि व्यवसायीहरूको समर्थन अभावले अवस्था झनै बिग्रेको बताए।

उद्योगीहरूको जोड: औद्योगिक विस्तार र नीतिगत सुधार

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठी, नेपाल उद्योग परिसंघ कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष प्रकाश मुन्दडा, मोरङ चेम्बरका पूर्व अध्यक्ष यादव पोखरेल लगायतले राज्यले औद्योगिक विकासलाई विशेष प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए।

विष्ट, पल्स फेसनका निमेष प्रधान, क्वालिटी रिफाइनरीका घनश्याम कावरा, र नोबेल मेडिकल कलेजका लोकनाथ न्यौपानेलाई सम्मान गरिएको थियो।

समग्र विकासको अवधारणा: यादव पोखरेलको प्रस्तुति यादव पोखरेलले हिमाल, पहाड र तराईको विशिष्टता अनुसार क्षेत्रीय सन्तुलित विकासमार्फत समृद्धि सम्भव हुने उल्लेख गर्नुभयो। उहाँले जलस्रोत संरक्षण, साना जलविद्युत्, इको टुरिजम, कृषि-पशुपालन, जैविक उत्पादन, औद्योगिक विस्तार र भूमिसुधारमा लगानी आवश्यक रहेको धारणा राख्नुभयो।

नेपालमा स्रोतको अभाव नभए पनि वैज्ञानिक उपयोग हुन नसकेको भन्दै जडीबुटी, वनस्पति प्रणाली र हावापानीको प्रयोगमार्फत स्थानीय उत्पादनलाई विश्व बजारमा पुऱ्याउन सकिने तर्क पनि पोखरेलले गर्नुभयो।

युवाशक्ति पलायन र सरकारको उदासीनता

पोखरेलले युवाशक्ति तीव्र रूपमा विदेश पलायन भइरहेकाले देशभित्र मानव संसाधनको संकट उत्पन्न भइरहेको उल्लेख गर्दै, "गाउँ, विद्यालय, खेत-कारखानाबाट युवा हराउँदै गएको बेला सरकारले रेमिटेन्समा गर्व गर्नु विडम्बनापूर्ण हो," भन्दै सरकारको सोचमाथि कटाक्ष गर्नुभयो।

कार्यक्रम समापन

कार्यक्रमको पहिलो सत्रको समापन मोरङ चेम्बरका उपाध्यक्ष शिवप्रसाद रिजालले गर्नुभयो। प्रमुख तथा विशिष्ट अतिथिहरूलाई धन्यवाद चेम्बरका महासचिव कृष्ण प्रसाद दाहाल र सचिव हरिबहादुर श्रेष्ठले व्यक्त गर्नुभयो। कोषाध्यक्ष मनोज कुमार मिश्राले लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

# कोशी प्रदेशमा ट्रान्सफर्मर चोरीमा संलग्न १२ जना पक्राउ, फ्याक्ट्री र कवाडीमा बिक्री हुने गरेको खुलासा



ग्रामीण संवादाता
विराटनगर

कोशी प्रदेशमा ट्रान्सफर्मर चोरीमा संलग्न १२ जना पक्राउ, फ्याक्ट्री र कवाडीमा बिक्री हुने गरेको खुलासा
भोजराज घिमिरे, विराटनगर, साउन २०

कोशी प्रदेशका झापा, मोरङ र सुनसरी जिल्लामा श्रृंखलाबद्ध रूपमा ट्रान्सफर्मर चोरी गर्दै आएका गिरोहका १२ जना प्रहरीको फन्दामा परेका छन्।

प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख डिआइजी ईश्वर कार्कीका अनुसार चोरीमा संलग्न ७ जना र चोरी भएको ट्रान्सफर्मर खरिद गर्ने ५ जना गरी १२ जनालाई पक्राउ गरिएको हो।

गत माघ १० गतेदेखि हालसम्म तीन जिल्लामा २२ वटा ट्रान्सफर्मर चोरी भएका थिए। मोरङमा ८ स्थान, सुनसरीमा १२ स्थान र झापामा २ स्थानमा चोरीका घटनाहरू घटेका हुन्।

डिआइजी कार्कीका अनुसार, "झापा, मोरङ र सुनसरीमा ट्रान्सफर्मर चोरी गर्ने एउटै गिरोह रहेको खुलेको छ। उनीहरू अनुभवी र प्राविधिक सीपयुक्त छन्, जसले चोरीका क्रममा भैरभ्याङको प्रयोग गरेका छन्।"

पक्राउ परेकाहरूमा मोरङ ग्रामथान-४ का ४२ वर्षीय अर्जुनकुमार माझी (चौधरी), ३१ वर्षीय इरज धामी, सुनसरी दुहबी-३ का ३५ वर्षीय अनुज विश्वास (चौधरी), मोरङ बेलबारी-४ का २६ वर्षीय अर्जुन चौधरी, भारत घर भई दुहबी-४ मलाटीमा ससुराली बसोबास गर्दै आएका ३४ वर्षीय आलम मियाँ, बेलबारी-३ का २७ वर्षीय रञ्जित तामाङ र दुहबी-२ का ३९ वर्षीय प्रयाग कुमार खाँ चौधरी रहेका छन्।

चोरी गरिएका ट्रान्सफर्मरहरू मोरङ र सुनसरीका विभिन्न फ्याक्ट्री तथा कवाडी पसलहरूमा विक्री गरिएको प्रहरीको अनुसन्धानबाट खुलेको छ। तीमध्ये लक्ष्य प्रधानको कवाडी पसल, इटहरी-४ का सीताराम राईको भाडा पसल, मोरङ बुढीगंगा-३ स्थित विनय साहको एसएस मेटल फ्याक्ट्री, विराटनगर-६ का अजयकुमार साहको दुर्गा भाडा पसल, कृष्ण गोपाल ताम्राकारको मनकामना मेटल्स एण्ड सप्लायर्स र इटहरीका दिलिप चौधरीले सञ्चालन गरेको दिलिप कवाडी पसल रहेका छन्।

यस गिरोहको खोजी र नियन्त्रणका लागि प्रदेश प्रहरी कार्यालय विराटनगरको समन्वयमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरूसँग सहकार्य गर्दै सादा पोशाकमा ३५ जना बढी प्रहरी परिचालन गरी अनुसन्धान अघि बढाइएको डिआइजी कार्कीले जानकारी दिए।


उनका अनुसार, पक्राउ परेकाहरू उपर विद्युत चोरीसम्बन्धी कसूरमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ।


## बेलवारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

### जनहितमा जारी सन्देश

१) सरसफाईमा ध्यान दिऊँ र घर वरिपरी बोट बिरुवा लागाऊँ ।
२) पृथ्वीमा भइरहेको वातावरण परिवर्तनको कारणले स्वास्थ्यमा हानिकारक भई जन धनमा ठुलो समस्या भएकोले वातावरण सँग खेलवाड नगरौं ।
३) सलाई, साईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभाएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौ ।
४) नेपालको संविधानले जातजाती भेदभाव विरुद्ध कानुन भएकोले जातीय भेदभाव नगरौं ।
५) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदी समय समयमा निरिक्षण गरौ ।
६) चुरोट, बिडीजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी आगो नफालौ र आगो राम्रोसँग निभौ ।
७) पेट्रोल, डिजेल, ग्याँस जस्ता प्रज्वलनशिल वस्तुको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौ ।
८) आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र संचार माध्यममा खबर गरौ ।
९) आगलागीका घटना घटेमा महिला, बालबालिका, बुद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
१०) सडक वरिपरी पशु चौपाया छाडा नछोडौं ।

## कानेपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोरङ द्वारा




## दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनसरी द्वारा




## नेपाल रेडक्रस सोसाइटी
विराटनगर, मोरङ्ग

### केही महत्वपुर्ण ध्यान दिनुपर्ने कुराहरु

१ रगतदान गरौं ।
२ समय-समयमा रगतदान गरौं र निरोगी बनौं ।
३ रगतदान महादान गरी समाजमा सचेत नागरीकको परीचय दियौं ।
४ रगतदान कार्यक्रममा सहभागी हौं ।
५ रगतको ग्रुप छुटयाएर राखौं ।
६ रगतको कमी हुन नदिन खानपानमा ध्यान दियौं ।